# आधारभूत तह (कक्षा ४-५) को परिमार्जित पाठ्यक्रम, २०७८ मा आधारित विशिष्टीकरण तालिका

(नमुना प्रश्नपत्रसमेत)

# गणित

(पृष्ठपोषण प्रति)

पाठ्यक्रम विकास केन्द्र

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

# विशिष्टीकरण तालिका

**कक्षा ४ र ५**

**२०७९**

विषय: गणित　　　　पूर्णाङ्क : 50　　　　समय : 2 घण्टा

| S.N. | Areas | Total working hour | Knowledge (16%) | | Understanding (24%) | | Application (40%) | | Higher ability (20%) | | Total number of items | Total number of questions | Total Marks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | Number of items | Marks | Number of items | Marks | Number of items | Marks | Number of items | Marks | | | |
| 1. | Geometry | 25 | 1 | 1 | 2 | 2 | 2 | 3 | 1 | 2 | 6 | 2 | 8 |
| 2. | Arithmetic | 60 | 3 | 3 | 3 | 4 | 4 | 7 | 2 | 4 | 12 | 4 | 18 |
| 3. | Mensuration | 35 | 1 | 1 | 2 | 2 | 3 | 5 | 1 | 2 | 7 | 2 | 10 |
| 4. | Statistics | 15 | 1 | 1 | 1 | 2 | 2 | 2 | 1 | 1 | 5 | 2 | 6 |
| 5. | Algebra | 25 | 2 | 2 | 2 | 2 | 2 | 3 | 1 | 1 | 7 | 2 | 8 |
| | | **160** | **8** | **8** | **11** | **12** | **13** | **20** | **6** | **10** | **38** | **12** | **50** |

**द्रष्टव्य :**

- प्रश्नपत्र निर्माण गर्दा प्रत्येक क्षेत्रमा र समग्रमा ज्ञान, बोध, प्रयोग र उच्च दक्षताका लागि तोकिएअनुसारका भार मिलेको हुनुपर्दछ । तर संज्ञानात्मक तहमा २ अङ्कसम्म घटबढ हुन सक्ने छ ।
- सन्दर्भ दिएर प्रश्नहरू निर्माण गर्नुपर्ने छ । प्रत्येक प्रश्नमा एकभन्दा बढी संज्ञानात्मक तहका उपप्रश्न मावेश गर्न सकिने छ ।
- Application र higher ability तहका प्रश्न र्माण गर्दा सम्बन्धित क्षेत्रका अलावा अन्य क्षेत्रका विषयवस्तुसँग सम्बन्धित प्रश्नहरू पनि रहन सक्ने छन् ।
- हरेक क्षेत्रअन्तर्गत रहेका सबै उपक्षेत्रका विषयवस्तु समानुपातिक रूपमा समावेश हुने गरी प्रश्न निर्माण गर्नुपर्ने छ ।

**नमुना प्रश्नपत्र, २०७९**

**कक्षा ४**

**समय : 2 घण्टा** **पूर्णाङ्क : 50**

1. एउटा रेखाखण्ड AB दिइएको छ । A ———————— B

(क) प्रोट्याक्टरको सहायताले A र B मा $60^\circ/60^\circ$ को कोण खिच्नुहोस् । **2A**

(ख) A र B मा कोण बनाएका रेखाहरू काटिएको बिन्दुलाई C नामकरण गर्दा बन्ने त्रिभुज ABC का तीनओटा कोणहरू र भुजाहरूको सम्बन्ध कस्तो बन्यो, लेख्नुहोस् । **2H**

2. तल एउटा षड्मुखाको आकृति दिइएको छ :




(क) षड्मुखाको शीर्षबिन्दु कतिओटा हुन्छन् ? **1K**

(ख) A लाई शीर्षबिन्दु भनिन्छ भने ED लाई के भनिन्छ ? **1U**

(ग) उक्त षड्मुखाको माथिल्लो सतहको नाम लेख्नुहोस् । **1U**

(घ) उक्त षड्मुखाको किनाराको लम्बाइ कति हुन्छ ? नापेर लेख्नुहोस् । **1A**

3. श्रीकृष्ण एउटा कार किन्न कारको सोरुममा गएछन् । उनले किन्न चाहेको कारको मूल्य रु. 2025400 तोकिएको रहेछ ।

(क) 2025400 मा 5 को स्थान र स्थानमान कति हुन्छ लेख्नुहोस् । **2U**

(ख) उक्त कारको मूल्यलाई राष्ट्रिय पद्धतिअनुसार अल्पविराम प्रयोग गरी अङ्कमा लेख्नुहोस् । यसलाई अक्षरमा पनि लेख्नुहोस् । **2A**

पाठ्यक्रम विकास केन्द्र


4. सुशिलले गाँउमा बाखापालन गर्ने सोच बनाएछन् । उनीसँग रु 35,750 छ । उनको छत्रदेव गाउँपालिकाले कृषि अनुदान कार्यक्रमअन्तर्गत रु 50,000 सम्म अनुदान दिने नीति बनाएको छ ।

(क) गाउँपालिकाले दिने रकमसहित सुशिलसँग जम्मा कति रकम हुन्छ, पत्ता लगाउनुहोस् । **1A**

(ख) बाखाका 6 ओटा पाठा किन्न रु 25854 र बाखाको खोर बनाउन रु 42756 खर्च भएछ भने सुशिलसँग अब कति रकम बाँकी रहन्छ ? **2A**

(ग) यदि सुशिलले बाखाका 3 ओटा पाठा थप्न चाहे भने उनलाई कति रकम पुग्दैन ? **2HA**

5. दायाँको चित्रमा पेम्बाको प्रथम त्रैमासिक परीक्षाको प्राप्ताङ्कलाई छाया पारेर देखाइएको छ ।



(क) पेम्बाले पाएको प्राप्ताङ्कलाई भिन्नमा लेख्नुहोस् । 1K

(ख) पेम्बाले पाएको प्राप्ताङ्कलाई दशमलवमा लेख्नुहोस् । 1U

(ग) पेम्बाले परीक्षामा कति प्रतिशत अङ्क प्राप्त गरेकी रहिछन् ? 1U

(घ) पेम्बाको साथी रहमानले उक्त परीक्षामा पाएको प्राप्ताङ्क भिन्नमा $\frac{7}{10}$ रहेछ भने कसले बढी पाएको रहेछ ? कारण सहित लेख्नुहोस् । 2H

6. (क) 5446 लाई नजिकको दशमा शून्यान्त गर्दा कति हुन्छ, लेख्नुहोस् । **1K**

चित्रमा देखाइएको कार्टुनभित्र जम्मा 45 ओटा साबुन अटाउँछन ।



(ख) उस्तै 345 ओटा कार्टुनभित्र अट्ने जम्मा साबुनको सङ्ख्या पत्ता लगाउन कुन गणितीय क्रिया गर्नुपर्दछ ? **1K**

(ग) उस्तै 345 ओटा कार्टुनभित्र जम्मा कतिओटा साबुन अटाउँछन, पत्ता लगाउनुहोस् । **2A**


7. तलका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) 1 वर्षमा कति महिना हुन्छ ? **1K**

(ख) 5 मिटरलाई सेन्टिमिटरमा रूपान्तर गर्नुहोस् । **1U**

(ग) 5000 मिलिलिटरलाई लिटरमा रूपान्तर गर्नुहोस् । **1U**

दिइएको चित्रमा प्रत्येक साना कोठाहरू 1 वर्ग से.मि. का छन् ।




पाठ्यक्रम विकास केन्द्र

(घ) लम्बाइ र चौडाइतिरका कोठा गनी पुरै चित्रको क्षेत्रफल र परिमिति कति कति हुन्छ, पत्ता लगाउनुहोस् । **2A**

8. दिइएको तालिका अध्ययन गर्नुहोस् र तल सोधिएका प्रश्नको उत्तर दिनुहोस् ।

| क्र.स. | समानको नाम | मूल्य | करसहितको मूल्य |
|---|---|---|---|
| 1. | घडी | 5650 | रु. 6,384 र 50 पैसा |
| 2. | मोबाइल | 15470 | रु. 17,481 र 10 पैसा |
| 3. | हेडफोन | 2500 | रु. 2825 |

(क) 2 ओटा घडी किन्दा करसहित कति रकम तिर्नुपर्छ ? **1A**

(ख) 3 ओटा मोबाइल र एउटा हेडफोन किन्न करसहित जम्मा कति रकम आवश्यक पर्छ ? **2A**

(ग) यदि तपाइँले घडी, मोबाइल र हेडफोन एक एकओटा किन्नु भयो भने जम्मा कति रुपियाँ करबापत तिर्नुपर्ने हुन्छ, पत्ता लगाउनुहोस् । **2H**

9. सरस्वती माध्यमिक विद्यालयका ५० जना विद्यार्थीसहितको वनभोज कार्यक्रमको आम्दानी र खर्चको विवरण तल तालिकामा दिइएको छ :

| **आम्दानी** | | **खर्च** | |
|---|---|---|---|
| **शीर्षक** | **रकम (रु)** | **शीर्षक** | **रकम (रु)** |
| विद्यार्थीबाट सङकलित रकम | 40,000 | खानामा | 40,000 |
| विद्यालयबाट सहयोग | 25,000 | यातायात | 9,500 |
| | | म्युजिक सिस्टम | 3000 |
| | | पेय पदार्थ | 5000 |
| | | विविध | 1500 |
| जम्मा | 65,000 | | 59,000 |


(क) यातायातमा कति रुपियाँ छुट्टाइएको छ ? 1K

(ख) वनभोजबाट कति रकम बचत भएको रहेछ, पत्ता लगाउनुहोस् । 1A

(ग) वनभोजबाट बचत भएको रकम विद्यार्थीलाई दामासाहीले फिर्ता दिने भएछन् । अब एक जना विद्यार्थीको कति रकम वनभोज कार्यक्रममा खर्च भएछ, पत्ता लगाउनुहोस् । 1HA

पाठ्यक्रम विकास केन्द्र

10. जनता माध्यमिक विद्यालयको शैक्षिक वर्ष २०७८ को कक्षा ६ देखि १२ सम्मका विद्यार्थीहरूको भर्ना विवरणका आधारमा तयार गरिएको स्तम्भ चित्र तल दिइएको छ । उक्त स्तम्भ चित्रको अवलोकन गरी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :




(क) सबैभन्दा कम विद्यार्थी सङ्ख्या भएको र सबैभन्दा धेरै विद्यार्थी सङ्ख्या भएको कक्षा कुन कुन हुन् ? 2U

(ख) उक्त विद्यालयमा जम्मा कति जना विद्यार्थी रहेछन् ? 1A

11. खाली कोठामा उपयुक्त शब्द, सङ्ख्या वा चिह्न भर्नुहोस् ।

(क) $x$ ले वैशाख महिनाका शनिबार पर्ने दिनहरू जनाउँछ भने $x$ लाई ☐ भनिन्छ । **1K**

(ख) $5 + 7 = \square$ **1K**

(ग) $\square + 2 = 7$ **1U**

(घ) $15 - \square = 6$ **1U**

(ङ) $27 \square 3 = 9$ **1A**

12. 15 ओटा सुन्तला केही मानिसलाई बराबर हुने गरी बाँड्दा प्रत्येकले 3 ओटाका दरले पाएछन् भने

(क) कोठा सङ्केतको प्रयोग गरी गणितीय वाक्यमा लेखी कति जना मानिसलाई बाँडिएको रहेछ, पत्ता लगाउनुहोस् । **2A**

(ख) प्रत्येक मानिसले 5/5 ओटाका दरले पाउन कतिओटा सुन्तला थप गर्नुपर्दछ ? **1HA**

**-o-**

पाठ्यक्रम विकास केन्द्र